भेरीगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
छिन्चु,सुर्खेत
कर्णाली प्रदेश, नेपाल

Fax ०८३– ५४०११०
Phone ०८३– ५४०१५४

प.सं. :- ०८०/०८१
च.न. :-

# नक्सा पास गरेर मात्र भवन निर्माण गर्ने बारेको अत्यन्त जरुरि सुचना

**सुचना प्रकाशन भएको मिति:-२०८०/०४/३१**

स्थानीय सरकार संचालन ऐन ,२०७४ को दफा २७ बमोजिम कसैलेपनि नगरपालिका बाट नक्सा पास नगराई भवन निर्माण गर्नु नपाईने ब्यबस्था भएको तथा नक्सापास सम्बन्धि कार्यलाई ब्यबस्थित बनाउन यस नगरपालिकाले भवन निर्माण सम्बन्धि आधारभूत निर्माण मापदण्ड २०७२ स्वीकृत गरि २०७२ साल असोज १६ गते बाट कार्यान्वयनमा समेत ल्याईसकेकोले नगरपालिका क्षेत्र भित्र भवन निर्माण गर्ने गराउने सम्बन्धमा देहाय बमोजिम गर्न गराउन सबै नगरवासीहरुमा अनुरोध छ।

**तपशिल :**

१) कसैलेपनि नगरपालिका बाट नक्सा पास नगराई भवन निर्माण गर्न नपाईने भएकोले नक्सा पास नगरी कुनैपनि भवन निर्माण नगर्ने। (स्थानीय सरकार संचालन ऐन , २०७४ को दफा २७ )

२) नगरपालिका क्षेत्रमा भवन निर्माण गर्न चाहने ब्यक्ति वा सरकारी कार्यालयले भवन निर्माण गर्ने अनुमतिको लागि देहायका कागजात सहित नगरपालिका समक्ष निबेदन पेश गर्ने। (स्थानीय सरकार संचालन ऐन , २०७४ को दफा २७ )

- व्यहोरा खुलेको निबेदन।
- ट्रेस नक्सा थान - १ र निर्माण हुने भवनको नक्सा थान -२।
- नक्सा बनाउने इन्जिनियरको सुचिकृत प्रमाणपत्रको प्रतिलिपि।
- चा.लु. आ.व. सम्मको मालपोत र जग्गा कर वा एकीकृत सम्पति कर तिरेको रसिद।
- घरधनीको पासपोर्ट साइजको फोटो- ४ प्रति , नक्सामा सेप्टिक ट्यांक र सोकपिट समेत स्पष्ट देखिएको कागजात।
- कित्ता नं. स्पष्ट भएको जग्गाधनि प्रमाण पुर्जाको प्रतिलिपि।

३) नगरपालिका क्षेत्र भित्र निर्माण हुने सरकारी भवनहरुले समेत अनिवार्य रुपमा नक्सा पास गरि भवन निर्माण गर्नुपर्ने भएकोले नक्सापास गरेर मात्र भवन निर्माण गर्ने। (स्थानीय सरकार संचालन ऐन , २०७४ को दफा २७ र २८ )

४) भवन निर्माण गर्न अनुमति पाएको ब्यक्ति वा सरकारी निकायले त्यसरी अनुमति पाएको मितिले २ वर्ष भित्र त्यस्तो भवन निर्माण गरि सक्ने। (स्थानीय सरकार संचालन ऐन , २०७४ को दफा ३८ )

५) सि. नं.४ बमोजिमको म्यादभित्र भवन निर्माण गर्न नसकिने भएमा सो को कारण खुलाई त्यस्तो म्याद सकिनु अगावै म्यादथपको लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिने ।(स्थानीय सरकार संचालन ऐन ,२०७४ को दफा ३८)

इन्जिनियर

कृष्ण प्रसाद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

भेरीगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
छिन्चु,सुर्खेत
कर्णाली प्रदेश, नेपाल

Fax ०८३- ५४०११०
Phone ०८३- ५४०१५४

प.सं. :- ०८०/०८१
च.न. :-

६) कसैले स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम नगरपालिका वाट नक्सा पास नगरी वा पास भएको नक्सामा स्वीकृत बेगर हेरफेर गरि भवन निर्माण गरेको वा गरिरहेको ठहरेमा नक्सा पास नगरी भवन बनाईएको भए ५ लाख रुपैया र पास भएको नक्सामा स्वीकृत बेगर हेरफेर गरि भवन बनाएको भए २ लाख रुपैया जरिवाना गरि प्रमुख ले सो भवन वा त्यसको कुनै भाग भत्काउन आदेश दिन सक्ने भएकोले नक्सा पास नगरी भवन निर्माण नगर्ने। (स्थानीय सरकार संचालन ऐन , २०७४ को दफा ३९ (४ र ५) )

७) सी नं.६ बमोजिम प्रमुखले दिएको आदेश बमोजिम भवन भत्काउदा लागेको खर्च सम्बन्धित ब्यक्ति वाट असुल उपर गरिनेछ।

स्थानीय सरकार संचालन ऐन २०७४ भवन निर्माणको सम्बन्धमा ऐन को परिच्छेद ७ मा स्पष्ट ब्यबस्था गरेको र उक्त ऐन पूर्णरुपमा कार्यान्वयनमा आईसकेको तथा यस नगरपालिकाले भवन निर्माण सम्बन्धि आधारभूत निर्माण मापदण्ड २०७२ स्वीकृत गरि २०७२ साल असोज १६ गते बाट कार्यान्वयनमा समेत ल्याईसकेकोले भवन निर्माण गर्दा अनिवार्य रुपमा नक्सापास गरेर मात्र भवन निर्माण गर्न सबै नगर बासीहरुलाई बिनम्र अनुरोध छ। नक्सा पास नगरी भवन निर्माण गरेको पाईएमा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३९ , ४० र ४१ बमोजिम हुने व्यहोरा समेत अनुरोध छ।

इन्जिनियर

कृष्ण प्रसाद पोख्रेल
प्रमुख प्रशासकीय अधिकृत

कृष्ण प्रसाद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner